नेपाल पुलिस स्कुल
साँगा, काभ्रेपलाञ्चोक
NEPAL POLICE SCHOOL
Sanga, Kavrepalanchok

पत्र संख्या-०८३/०८४
चलानी नं.- 23

मिति:२०८३।०४।०८ गते।
Date:-

## नेपाल पुलिस स्कुल साँगा, काभ्रेपलाञ्चोक
## विद्यार्थीहरूको लत्ता-कपडा आपूर्ति सम्बन्धी दरभाउपत्र आह्वान सूचना

(सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ संशोधन सहित)

**प्रथम पटक प्रकाशित मिति: २०८३/०४/०८ गते।**

यस नेपाल पुलिस स्कुल साँगा, काभ्रेपलाञ्चोकमा वार्षिक कार्यक्रम अनुसार आ.व.२०८३।०८४ का लागि कक्षा ४ देखि १२ सम्ममा अध्ययनरत विद्यार्थीहरूको लागि मौसम अनुसारको आवश्यक लत्ता-कपडा (स्कुल युनिफर्म तथा अन्य सामग्रीहरू) आपूर्ति गर्नुपर्ने भएकाले प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ संशोधन सहित यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र इजाजतप्राप्त योग्य आपूर्तिकर्ता/फर्म/कम्पनीहरूबाट नमूना तथा दर-रेट सहितको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।

प्रस्तावहरू:-

दरभाउपत्र पेश गर्ने फर्म/कम्पनीले देहायका कागजातहरू अनिवार्य रूपमा पेश गर्नुपर्नेछ:-

- ✓ **फर्म/कम्पनी दर्ता प्रमाणपत्र**
- ✓ **PAN/VAT दर्ता प्रमाणपत्र**
- ✓ **कर चुक्ता प्रमाणपत्र (आ.व.२०८२/०८३ सम्मको)**

- ❖ कार्यालय समय भित्र विद्यालयको स्टोर शाखाबाट (फिर्ता नहुने गरि) नगद रू २,०००।- (अक्षेरूपी रू. दुई हजार रूपैंया मात्र) तिरी दरभाउपत्र फाराम प्राप्त गर्न सकिनेछ।
- ❖ तयारी पोशाक सहितको नमुना हेर्न र जानकारी लिन यस स्कुलको स्टोर शाखामा सम्पर्क गर्नु पर्नेछ।
- ❖ टेण्डर फर्म सूचना प्रकाशित भएको मितिले ०७ (सात) औं दिन आर्थात् मिति २०८३।०४।१४ गते कार्यालय समय भित्र फारम खरिद गर्न सकिनेछ।
- ❖ दरभाउपत्र फाराम पूर्ण रूपमा प्रस्तावित मूल्यमा प्रचलित नेपाल सरकारको कर सम्बन्धी कानुन बमोजिम लाग्ने १३% मूल्य अभिबृद्धि कर (VAT) सहित अंक र अक्षरमा स्पष्ट भरी (केरमेर तथा बिग्रेमा सच्याइएको अक्षर तथा अंकमा) अनिवार्य हस्ताक्षर गरी पेश गर्नुपर्नेछ।
- ❖ बोलपत्रदाताले पछिल्ला **पाँच (५) वर्ष** भित्र सरकारी निकाय, सामुदायिक विद्यालय, शैक्षिक संस्था वा अन्य संस्थालाई विद्यालय पोशाक वा समान प्रकृतिका पोशाक आपूर्ति गरेको कम्तीमा **एक (१)** वटा सफल अनुभव भएको छ भने सोको प्रमाणस्वरूप सम्बन्धित निकायबाट जारी गरिएको **Experience Letter, Completion Certificate** वा सन्तोषजनक रूपमा आपूर्ति सम्पन्न भएको प्रमाण पेश गर्नुपर्नेछ।

- तोकिएको मितिमा खरिद भएका फारम तथा पोशाक नमूनाहरू मिति २०८३।०४।१५ गते दिउँसो १२:००बजे भित्र अनिवार्य बुझाई दर्ता गराई सक्नु पर्नेछ र सो समय भन्दा पछि आएको नमूना तथा प्रस्तावलाई सहभागी गराईने छैन।
- तोकिएको मिति, समय र स्थानमा मूल्यांकन समितिद्वारा उपस्थित इच्छुक प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ।
- तोकिएको म्याद भित्र दर्ता हुने प्रस्तावहरू मिति २०८३।०४।१५ गते दिउँसो १३:०० बजे नेपाल पुलिस स्कुल साँगा, काभ्रेपलाञ्चोकमा तोकिएको समितिद्वारा खोलिने छ। सो दिन सार्वजनिक बिदा पर्न गएमा अर्को दिन सोहि स्थान र समयमा प्रस्ताव खोलिने छ।
- शिलबन्दी नमूनाहरू विद्यालयमा भएको नमूनानुसार मेल खान नगएमा वा नमिलेमा जुन फर्म/कम्पनीको नमूना मेल खाँदैन, मिल्दैन वा नमूनानुसार आईटम संख्या नपुगेमा सो फर्म/कम्पनीको शिलबन्दी प्रस्तावलाई अयोग्य/रद्द ठहराइने छ यसको अन्तिम निर्णय विद्यालय प्रशासनमा निहित हुनेछ।
- सम्झौता अवधि सम्झौता सम्पन्न भएको मिति देखि २०८४ साल असार मसान्तसम्मको लागि हुनेछ।
- सम्झौता पश्चात् १५ (पन्ध्र) दिनभित्र सम्पूर्ण सामग्री आपूर्ति गर्नुपर्नेछ।
- यस स्कुलको पोशाक आपुर्ति कर्ता छनौट भए पश्चात स्कुलले भाडामा उपलब्ध गराउने कोठामा आवश्यक पोशाक सामग्री ल्याई स्टोर गरि राख्नु पर्नेछ।
- गुणस्तरहीन सामग्री तुरून्त फिर्ता गराई प्रतिस्थापन गर्नुपर्नेछ।
- भाडा दर दुवै पक्षको आपसी सहमतिमा कायम गरिने छ।
- प्रस्ताव स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस स्कुलमा सुरक्षित रहने छ। प्रस्ताव सम्बन्धी अन्य कुराहरू बुझ्न परेमा वा स्थान अवलोकन गर्न चाहिएमा कार्यालय समय भित्र स्कुलको सम्पर्क नं. ०११-६६१००१ र ९८५१२८६००५ मा सम्पर्क गर्न सकिने छ।

NEPAL POLICE SCHOOL
SANGA 2040 KAVRE
DISCIPLINE DECORUM DIGNITY

समादेशक
दिप्ती कार्की
(प्रहरी नायब उपरीक्षक)